# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
२०७३
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/०८२ मिति : २०८१।०८।२८
च.नं. १०६

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सुचना।

श्री जो जससंग सम्बन्धित छ।

नुवाकोट जिल्ला, ककनी गाउँपालिका अन्तर्गत श्री आरुखर्कछाप आधारभूत विद्यालय, ककनी ८ मा रिक्त रहेको प्रावि तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च. नं १२ मिति २०८१।०८।२८ गतेको पत्रबाट अनुरोध भई आएकोमा सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्द्र दिनभित्र शिक्षा नियमावलीको अनुसुची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय,स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना -aarukharkachhapbs मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

पेमा दोर्जे शेर्पा
नि प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई, नुवाकोट

श्री आरुखर्कछाप आधारभूत विद्यालय, ककनी ८, आरुखर्क

नुवाकोट जिल्लाका सम्बन्धित तहका शिक्षकहरु मात्र सरुवा प्रक्रियामा सहभागी हुन पाउनेछन।